कार्यपालिकाको दशौं बैठक//स्थानः अध्यक्षज्यूको कार्यकक्ष
मितिः २०७९ साल असोज महिनाको ११ गते मंगलबार
अध्यक्षताः श्रीमान वेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

उपस्थितिः

श्रीमान वेग प्रसाद गर्बुजा, अध्यक्ष
श्री लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष
श्री हेमराज काफ्ले, प्रमुख प्रशासकीय अधिकृत
श्री टंक प्रसाद पुन, अध्यक्ष, वडा नं १
श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २
श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३
श्री भेजेन्द्रमान पुन पुन, अध्यक्ष, वडा नं ४
श्री मिम पुन, अध्यक्ष, वडा नं ५
श्री पथ बहादुर रोका, अध्यक्ष, वडा नं ६
श्री टक बहादुर पुन, अध्यक्ष, वडा नं ७
श्री मन कुमारी पुन, कार्यपालिका महिला सदस्य
श्री प्रतिक्षा वि.क., कार्यपालिका महिला सदस्य
श्री देवी पटेल, कार्यपालिका महिला सदस्य
श्री छरदेवी घर्ती, कार्यपालिका महिला सदस्य
श्री दल बहादुर खड्काथोकी, कार्यपालिका सदस्य
श्री अनुप गौचन, कार्यपालिका सदस्य तथा प्रवक्ता

आमन्त्रित उपस्थितिः

श्री नमनारायण ढुंगाना, इन्जिनियर, छैठौं
श्री सावित्री गर्बुजा, रोजगार संयोजक
श्री शिक्षित पराजुली, कृषि अधिकृत, छैठौं

श्री सागर पौडेल, लेखापाल पाँचौ

प्रस्तावहरु:

१. विपद् व्यवस्थापन, उद्दार तथा राहत सम्बन्धमा ।

२. भुक्तानी सम्बन्धमा

३. नदिजन्य पदार्थको प्रशासनिक दण्ड जरिवाना सम्बन्धमा

४. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम प्रस्ताव सम्बन्धमा

५. पूर्वाधार विकास अन्तर्गत ठेक्का प्रक्रिया सम्बन्धमा

६. नेपाल रेडक्रस सोसाइटी, दर्बाङसँग एम्बुलेन्स सञ्चालन सहकार्य सम्बन्धमा

७. कार्यक्रम सञ्चालन अनुमति सम्बन्धमा

८. बिबिध

निर्णय:

| निर्णय नं | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| १. | क. मालिका गाउँपालिकाका विभिन्न वडा अन्तर्गतका बाटोहरु पहिरोले अवरुद्ध भएका र वडा समितिको समन्वयमा उपभोक्ता समिति मार्फत पहिरो हटाउने काम भैरहेको हुँदा प्राविधिकबाट तयार जिल्ला दररेट बमोजिम हुन आउने बिल बमोजिमको रकम भुक्तानी आ.व. २०७९/८० को विनियोजित 'विपद् व्यवस्थापन' शिर्षकबाट भुक्तानी दिने ।सो का लागि वडा समितिको निर्णय, अनुगमन समितिको निर्णय, प्राविधिकबाट तयार बिल, स्थलगत फोटोहरु, उपभोक्ता समितिसँग सम्बन्धित कागजातका आधारमा भुक्तानी निकासा गर्ने ।<br>ख. वडा नं ७ स्थित घरमुली सोम बहादुर दर्जीको घर २०७९/०५/२३ आगलागीले पूर्ण नष्ट भएकोले तत्काल पुनर्स्थापनाका लागि विपद व्यवस्थापन शिर्षकबाट खर्च व्यहोर्ने गरी प्रदान भएको २४ पाता जस्ता र एक किलो काँटीको रकम भुक्तानी दिने ।<br>ग. विभिन्न वडामा खानेपानी संरचनामा क्षति भएको र गाउँपालिकाको निर्णय अनुसार पाइप उपलब्ध गरिएकोमा प्रमाण सहित पेश हुन आएका मालिका हाडवेयर्स एण्ड सप्लायर्स लगायतको बिलको भुक्तानी दिने ।<br>घ) मालिका गाउँपालिका र मंगला गाउँपालिका जोड्ने दुखु खोलाको पुलमा खोलाले कटान गरी क्षति पुगेको र जोखिमयुक्त भएको हुँदा 'श्री मालिका गा.पा. र मंगला गा.पा. जोड्ने पक्की पुल मर्मत उपभोक्ता समिति' गठन भई | |

| | |
|---|---|
| | सम्झौता बमोजिम भएको योजनाको लागि बिल अनुसारको रकम 'विपद् व्यवस्थापन' शिर्षकबाट भुक्तानी दिने । |
| २. | आ.व. २०७८/७९ मा कार्यसम्पन्न भएको तर श्रोत अपुग भई भुक्तानी दिन बाँकी वडा नं ६ को सावटा बस्ती संरक्षणको बिल अनुसारको रकम एवम् दुखु स्थित पहिरो सोहोर्दा उठेको बिल बमोजिमको रकम विपद व्यवस्थापन शिर्षकबाट भुक्तानी दिने । |
| ३. | म्याग्दीखोलाको मालिका गाउँपालिकाको अधिकार क्षेत्र भित्र नदिजन्य दहत्तर बहत्तरको अबैध उत्खनन् भएको भन्ने सूचनाका आधारमा गाउँपालिकाको अनुगमन समितिले अनुगमन गरी म्याग्दी खोलाबाट अबैध रुपमा दहत्तर बहत्तर उत्खनन गरी थुपारिएको (बालुवा ढुङ्गा) पाइएकोमा कार्यपालिकाको नवौं बैठकको निर्णय बमोजिम प्रशासनिक दण्ड तथा जिल्ला दर रेट अनुसारको रकम दाखिला गर्न सूचना प्रवाह भएको र हालसम्म कुनै पक्षले दाखिला नगरेकोले लिलामी गर्ने र सो का लागि जिल्ला समन्वय समिति, म्याग्दीलाई पत्राचार गरी आवश्यक प्रक्रिया अगाडि बढाउन समन्वय गर्ने । |
| ४. | क) मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव माग भई आएकोमा कृषि सँग जोडिएको उत्पादन, बजारीकरण, लैङ्गिक समावेशिता तथा सामाजिक समावेशीकरण हुने तथा समग्र आर्थिक विकासमा टेवा पुग्ने नवप्रवर्तनकारी प्रस्ताव तयार गरी पेश गर्ने ।<br>ख) प्रस्तावित योजना स्वीकृत भई आएमा कार्यपालिकाको आगामी बैठकले योजना कार्यान्वयन समिति गठन गर्ने ।<br>ग) प्रस्तावित योजना स्वीकृत भएको अवस्थामा बढीमा ५० लाख गाउँपालिकाले व्यहोर्नु पर्ने भएकोले चालु आ.व. को हिउँदे सभाबाट केहि बजेट र आगामी आ.व. को बजेटबाट बाँकी बजेटको श्रोत सुनिश्चितता गर्ने । |
| ५. | चालु आ.व. को लागि संघ तथा प्रदेशबाट प्राप्त समपुरक कोष अन्तर्गतको बजेटबाट सञ्चालन हुने अधिभारा रुम सडक, दरबाङ निस्कोट सडक, डाँडागाउँ स्वास्थ्य चौकी, सिद्धार्थ मा.वि. भवन निर्माण, दरबाङ बिम सडक लगायतका योजनाहरुको लागि इ-बिडिंङको प्रकृया अगाडि बढाउने । |
| ६. | नेपाल रेडक्रस सोसाइटी, दरबाङ उपशाखाले मिति २०७९/०५/२६ मा पेश गरेको प्रस्ताव स्वीकृत गर्दै हाल सञ्चालन नभएको मोना यु के द्वारा रेडक्रसलाई उपलब्ध गराइएको एम्बुलेन्सको मर्मत गाउँपालिकाको सवारी साधन मर्मत शिर्षकबाट गराउने र रेडक्रसद्वारा नियुक्त सवारी चालकलाई मासिक सुबिधा बापत प्रदान गर्ने नियमानुसारको हल्का सवारी चालकको |

| | | |
|---|---|---|
| | सुरुको तलब स्केल बराबरको रकम २०७९ असोज महिनादेखि लागु हुने गरी मासिक रुपमा नेपाल रेडक्रस सोसाइटी, दरबाङ उपशाखालाई उपलब्ध गराउने । सो बापत उक्त एम्बुलेन्सले गाउँपालिकासँगको सहमतिमा सात वटै वडाका बिरामीहरु अस्पतालसम्म पुर्याउने । | |
| ७. | सामुदायिक वन उपभोक्ता महासंघ, म्याग्दीद्वारा कार्यक्रम सञ्चालनका लागि पेश भएको प्रस्ताव स्वीकार गर्दै सामुदायिक वन शिर्षक अन्तर्गतबाट खर्च व्यहोर्ने गरी कार्यक्रम सञ्चालनका लागि अनुमति प्रदान गर्ने। | |
| ८. | क) वडा नं १ को कोत मन्दिरमा दुर्गा पुजा तथा वडा नं २ को रुम गाउँमा घोडेनाचका लागि 'अन्य संघ संस्था सहयोग' शिर्षकबाट अधिकतम रु ३०,००० (अक्षेरुपि तीस हजार रुपैयाँ) का दरले उपलब्ध गराउने । सो को खर्च सम्बन्धित वडाका वडा सचिव मार्फत भुक्तानी गर्ने ।<br>ख) मालिका गाउँपालिका क्षेत्र भित्र पाइने बनस्पतिहरुको बनस्पातिक अध्ययन गरी अभिलेखीकरण गर्न वनस्पति विभागसँग सहकार्य गर्ने ।<br>ग) मालिका गाउँपालिका वडा नं २ स्थायी ठेगाना भएका मन कुमारी पुन घातक क्यान्सर रोगका कारण हाल भारतमा उपचाररत रहेको र निजको उपचारका लागि वडा कार्यालयको सिफारिसका आधारमा 'राहत तथा पुनर्स्थापना' शिर्षकबाट रु ५०,००० (अक्षेरुपि पचास हजार रुपैयाँ मात्र) उपलब्ध गराउने ।<br>घ) प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ को दफा २६ मो उपदफा ४ को व्यवस्था अनुसार रैथाने बाली प्रवर्द्धन कार्यक्रम र यसको बजेट विस्तृतिकरण छलफल गरी स्वीकृत । साथै गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुमा प्रयोग हुने खाजाहरुमा सम्भव भएसम्म रैथाने खाद्य बालीहरुबाट बन्ने परिकार प्रयोगमा ल्याउन प्रोत्साहन गर्ने ।<br>ङ) मालिका गाउँपालिका वडा नं २ र ३ जाने बाटोमा पर्ने औलोमा गएको पहिरोले बाटो भत्किएको र उक्त पहिरो क्षेत्रभित्रै वडा नं २ र ३ जाने बाटो अलग अलग दुईवटा बाटो रहेको र दुई वटै बाटो कायम गर्दा थप क्षति हुने देखिएको प्राविधिकको ठहर भएकोले उक्त पहिरो क्षेत्रमा एकमात्र बाटो कायम गर्न वडा नं २ जाने बाटो जोड्न नयाँ ट्र्याक खन्नु पर्ने भएकोले प्राविधिक बाट तयार लागत अनुमान बमोजिम 'विपद् व्यवस्थापन' शिर्षकबाट खर्च गर्ने गरी उपभोक्ता समिति गठन गरी योजना सम्झौता गराई तत्काल काम अगाडि बढाउने । | |